आज मिति २०७५ चैत्र २८ गते शुक्रबार दिनको २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ७० औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी.

२. लेखा अधिकृत श्री गणेश गुरुङ

मिति २०७५/१२/२६ गते नगर प्रमुखज्यूबाट मिति २०७५/१२/२८ गते नगर कार्यपालिकाको ७० औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगरकार्यपालिका बाट निर्णयका लागी पेश भएका विषयहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| | | | |
|---|---|---|---|
| १ | योजना सम्झौता सम्बन्धमा । | | • मिति २०७५/११/१२ गते नगर कार्यपालिकाको ६६ औं बैठकबाट, "आर्थिक वर्ष २०७५/०७६ को लागि विनियोजन भएका योजना तथा कार्यक्रमहरुको सम्झौता २०७५ चैत्र मसान्त सम्ममात्र गर्ने" भन्ने निर्णय भएता पनि सबै वडाहरुबाट उपभोक्ता समितिहरु गठन भई योजना सम्झौताका लागी नगरपालिकामा सम्पर्क हुन नआईसकेको हुँदा शशर्त तर्फका योजना/कार्यक्रम २०७६ बैशाख १० गतेसम्मका लागी मात्र सम्झौताको अवधि थप गर्ने । |
| २ | योजनाको संशोधन सम्बन्धमा । | | • मिति २०७५/११/१२ गते नगर कार्यपालिकाको ६६ औं कार्यपालिका बैठकबाट "यस नगरपालिकाको नगरसभाबाट आर्थिक वर्ष २०७५।७६ को लागि विनियोजन भएका योजना तथा कार्यक्रमहरुको विशेष कारणले संचालन गर्न नसक्ने परिस्थिति उत्पन्न भई वडा समितिबाट संशोधनको लागि सिफारिस भई आएमा नगरप्रमुखले फाल्गुण मसान्तसम्म मात्र संशोधन गर्ने" भन्ने निर्णय भएता पनि केही वडाहरुबाट हालसम्म पनि योजना संशोधनको लागी अनुरोध भई आएको हुँदा २०७६ बैशाख ६ गतेसम्मका लागी नगरप्रमुखबाट योजना तथा कार्यक्रम संशोधन गर्ने । |
| ३. | बजेट संशोधन सम्बन्धमा । | | • आ.ब. ०७५/०७६ को वार्षिक नगर विकास योजनामा युवा स्वरोजगार कार्यक्रममा रु. १० लाख विनियोजन भएको तर मिति २०७५/१०/३ को ६४ औं कार्यापालिका बैठकबाट उक्त रकमको बाँडफाँड गर्दा २० लाखको कार्यक्रम स्वीकृत भएको हुँदा नपुग रकम रु. १० लाख सोही नगर विकास योजना अन्तर्गतको नगर स्तरीय कार्यक्रम बजेट उपशीर्षक नं ८०३३५४०७१०२ सि.नं. १३ मा वैदेशिक स्वरोजगार कार्यक्रमबाट रु. ५ लाखलाई समाहित गर्ने र सि.नं ११२ को समपुरक कोषबाट रु. ५ लाख थप गरी २० लाख कायम गर्ने |

।

- आ.ब. ०७५/०७६ को वार्षिक नगर विकास योजनामा युवा लक्षित कार्यक्रममा रु. २ लाख विनियोजन भएको तर मिति २०७५/१०/३ को ६४ औं कार्यापालिका बैठकबाट उक्त रकमको बाँडफाँड गर्दा १० लाखको कार्यक्रम स्वीकृत भएको हुँदा नपुग रकम रु. ८ लाख सोही नगर विकास योजना अन्तर्गतको नगर स्तरीय कार्यक्रम बजेट उपशीर्षक नं ८०३३५४०७१०२ सि.नं ११२ को समपुरक कोषबाट रु. ८ लाख थप गरी १० लाख कायम गर्ने ।
- चालु आ.ब.को नगर सभाबाट निम्न बमोजिमको शिर्षकमा विनियोजन भएको बजेट मध्ये निम्नानुसारको शिर्षकमा यस आ.ब.को असार मसान्त सम्मका लागी नपुग हुने देखीएको हुदाँ तपसिल बमोजिमको शिर्षकबाट निम्नानुसारको शिर्षकमा रकमान्तर गर्ने ।

| क्र.सं. | शीर्षक नं. | शीर्षक | जम्मा विनियोजन | जम्मा खर्च | जम्मा बाकी | थप्ने | घटाउने | स्रोत | कायम हुने अन्तिम बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २२११२ | संचार | ९५० | 916 | ३४ | ५०० | | सामाजिक परिचालन कार्यक्रम(100)<br>नगर सरसफाइ मर्मत(374)<br>नगर सरसफाई तथा फोहरमैला व्यवस्थापन इन्धन(26) | ५३४ |
| २ | 22211 | इन्धन पदाधिकारी | ७५० | 593 | १५७ | ४०० | | व्याक हो लोडर (400) | ५५७ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | १०५० | 999 | ५१ | ५०० | | नगर सरसफाई तथा फोहरमैला व्यवस्थापन इन्धन(24)<br>व्याक हो लोडर (५०)<br>वारुण नियन्त्रण इन्धन(276)<br>सामाजिक परिचालन कार्यक्रम(150) | ५५१ | |
| | | | | ४ | 22213 | कार्यालय सवारी साधन मर्मत | 1200 | 849 | ३५१ | ३६२ | | वारुण नियन्त्रण मर्मत(274)<br>नगर सरसफाइ मर्मत(88) | ७१३ | |
| | | | | ५ | 22612 | भ्रमण खर्च | 150 | 147 | ३ | 700 | | अनुगमन मूंल्यांकन खर्च (500)<br>महंगी भत्ता(200) | ७०३ | |
| | | | | ६ | 31122 | मेशिनरी तथा औजार खरिद पूँजिगत | १००० | 940 | 60 | | | कन्टिन्जेन्सीबाट आवश्यक कार्यविधि बनाई संशोधन गरिने | ६० | |
| | | | | ७ | 22412 | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ६०० | 24 | 576 | 661 | | नगर सरसफाई तथा फोहरमैला व्यवस्थापन तलव(411)<br>कुचीकारको तलव(250) | १२३७ | |
| | | | | ८ | 22311 | मसलन्द तथा कार्यालय सामाग्री | ४७५० | 4109 | 640 | 860 | | व्याक हो लोडर (360)<br>वारुण नियन्त्रण तलव(500) | १५०० | |
| | | | | ९ | 22221 | मेशिनरी तथा औजार मर्मत खर्च | ६०० | 362 | 237 | 700 | | महंग भत्ता(200)<br>वारुण नियन्त्रण तलव(500) | ९३७ | |
| | | | | १० | २११३५ | कर्मचारी प्रोत्साहन भत्ता | ० | ० | ० | २६३३ | | वारुण नियन्त्रण तलव(११३३)<br>वडा बैठक भत्ता (१५००) | | |

| खर्च मिलानका शिर्षकहर | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | 22212 | नगर सरसफाई तथा फोहरमैला व्यवस्थापन इन्धन | 450 | 65 | 384 | | ५० | | ३३४ |
| २ | 22212 | वारुण नियन्त्रण इन्धन | 300 | 23 | 276 | | २७६ | | ० |
| ३ | 22213 | नगर सरसफाई तथा फोहरमैला व्यवस्थापन मर्मत | 495 | 32 | 462 | | ४६२ | | ० |
| ४ | 22213 | वारुण नियन्त्रण मर्मत | 300 | 25 | 274 | | २७४ | | ० |
| ५ | 22413 | करार सेवा शुल्क | 6900 | 5646 | 1200 | 2747 | | वारुण नियन्त्रण तलव(2633)<br>कुचीकारको तलव(114) | ३९४७ |
| ६ | 22413 | नगर सरसफाई तथा फोहरमैला व्यवस्थापन तलव | 510 | 98 | 411 | | 411 | | ० |
| ७ | 22413 | वारुण नियन्त्रण तलव | 3633 | 0 | 3633 | | 3633 | | ० |
| ८ | 22414 | कुचीकारको तलव | 432 | 67 | 364 | | 364 | | ० |
| ९ | 22522 | सामाजिक परिचालन कार्यक्रम | 1500 | 964 | 535 | | 250 | | २८५ |
| १० | 22529 | व्याक हो लोडर | 1000 | 22 | 978 | | 810 | | १६८ |
| ११ | 22611 | अनुगमन मूल्यांकन खर्च | 1514 | 351 | 1162 | | 500 | | ६६२ |
| १२ | 21132 | महंगी भत्ता | १५६० | 486 | 1074 | | २०० | | ८७४ |
| १३ | | कन्टिन्जेन्सी | ० | ० | ० | | ० | | एकिन हुन बाँकी |
| १४ | २११४४ | वडा बैठक भत्ता | १९४४ | ० | १९४४ | | १५०० | | ४४४ |

| | | | |
|---|---|---|---|
| ४. | फर्पिङ बजार क्षेत्रमा | | • यस नगरपालिकाको प्राचिन ऐतिहासिक शहर शिखरापुर नगरी (फर्पिङ बजार) लाई सुन्दर, सफा, व्यवस्थित एवं |

| | | | |
|---|---|---|---|
| | यातायात एवं नगर व्यवस्थापन सम्बन्धमा । | | सहज आवागमनका लागी ट्राफिक प्रहरीसँग समन्वय गरी सार्वजनिक स्थानलाई पार्किङ क्षेत्र निर्धारण गरी बजार भित्र उपयुक्त सार्वजनिक स्थानमा तरकारी बजारको समेत व्यवस्थापन गर्ने र उक्त कार्यका लागी आवश्यक बजेट उपयुक्त शिर्षकबाट नगरपालिकाले व्यहोर्ने ।<br>• यस प्राचिन ऐतिहासीक शहर शिखरापुरी नगरलाई प्राचिन ऐतिहासीक झल्को आउने गरी नगरलाई विकास गर्न आवश्यक डि.पि.आर एवं मास्टर प्लान तयार गर्ने र उक्त कार्यका लागी आवश्यक बजेट उपयुक्त शिर्षकबाट नगरपालिकाले व्यहोर्ने । |
| ५. | कोरीडोरको डि.पि.आर. तयार पार्ने सम्बन्धमा | | • यस नगरपालिकाको बागमति किनारामा रहेको वडा नं १, २, ७ र ८ हुँदै मकवानपुर जाने वैकल्पिक मार्ग निर्माणका लागी कोरीडोर मार्ग निर्माण गर्न डि.पि.आर. आवश्यक हुने हुँदा उक्त कार्यलाई लाग्ने आवश्यक बजेट समपुरक कोषबाट खर्च गर्ने गरी डि.पि.आर. तयार गर्ने । |
| ६. | नगरपालिकाको भवन सम्बन्धमा । | | • जिल्ला समन्वय समितिको कार्यालयको च.नं. ८५०, मिति २०७५/१२/११ को प्राप्त पत्रानुसार जि.स.स. मौज्दात कोष संचालन निर्देशिका २०७५मा भएको व्यवस्था बमोजिम स्थानीय तहको प्रशासनिक भवन एवं वडा कार्यालय भवन निर्माण सम्बन्धि विषयमा यस नगरपालिकाको भवन वडा नं ५ अन्तर्गत त्रिभुवन आदर्श आवासिय माध्यमिक विद्यालयमा निर्माण गर्ने र उक्त कार्यका लागी जिल्ला समन्वय समिति, काठमाडौंसँग बजेट निकासा माग गर्ने ।<br>• यस नगरपालिकाको भवन वडा नं ५ अन्तर्गत त्रिभुवन आदर्श आवासिय माध्यमिक विद्यालयमा निर्माण हुने प्रशासनिक भवनको लागी Drawing, Design, Specification र लागत अनुमान तयार गर्न छनौट भएको परामर्शदातालाई लाग्ने बजेट जि.स.स.बाट प्राप्त हुने रकमबाट खर्च गर्ने । |
| ७. | विविध | | • सरकारी तथा सार्वजनिक जग्गा तथा भवनहरुको लागत व्यवस्थत गर्न वडा कार्यालयहरुलाई स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) र (४) मा भएको व्यवस्था बमोजिम नगरपालिका भित्र सबै वडाहरुमा रहेका सरकारी र सार्वजनिक जग्गाहरु तथा भवनहरुको लगत व्यवस्थित गर्ने, सोको लागि सबै वडाहरुमा परिपत्र समेत गर्ने । |

| | | | |
|---|---|---|---|
| | | | • यस नगरपालिकाको प्राविधिकहरुको क्षमता विकास, पूर्वाधार विकास एवं नगर विकासको लागी आवश्यक हुने डि.पि.आर. र मास्टर प्लान तयार गर्न नेपाल सरकारको सेवामा कम्तीमा २० वर्ष प्राविधिक ईन्जिनियरिङ कार्यमा रही अनुभव प्राप्त भएको ईन्जिनियरलाई प्राविधिक सल्लाहकारको रुपमा २०७६ असार मसान्त सम्मका लागी योजनाको कन्टिनजेन्सीबाट मासिक रु.५००००।- (पचास हजार) पारिश्रमिक दिने गरी नियुक्ति गर्ने ।<br>• नगर परिषर भित्रका विभिन्न वडाहरुमा हुने नक्सापास तथा घर निर्माण सम्पन्न सम्बन्धी अभिलेख व्यवस्थित गर्ने ।<br>• नगरपालिकाका विभिन्न वडाहरु तथा प्रसिद्ध स्थलहरुको महत्व झल्किने गरी देहाय बमोजिमको स्थानमा देहायका होर्डिङ बोर्डहरु राख्ने र उक्त कार्यको लागी आवश्यक पर्ने बजेट खर्च गर्ने ।<br>- लप्सी पकेट क्षेत्र, वडा नं. ९<br>- नास्पाती पकेट क्षेत्र, वडा नं. ८<br>- दक्षिणकाली मन्दिर क्षेत्र, वडा नं. ६<br>- अन्य मन्दिर तथा धार्मिक क्षेत्र, सम्बन्धित वडाहरु<br>- नगरपालिकाको प्रवेशद्धार निर्माण गर्ने ।<br>• वडा नं. ३, ४ र ५ का गुठीहरुका लागी सामुहिक दाहसँस्कार स्थल निर्माण गर्नको लागी समपुरक कोषबाट रु.५ लाख विनियोजन गर्ने ।<br>• द.न.पा.वडा नं. ८ स्थीत जातिपोखरीलाई पर्यटन प्रवद्धनका लागी समपुरक कोषबाट रु.१ लाख विनियोजन गर्ने ।<br>• यहि आउदै गरेको नव वर्ष २०७६ को उपलक्ष्यमा नगरवासीहरु, नगर सभासदज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरपालिका अर्न्तगतका सम्पूर्ण कर्मचारीहरु, व्यापारी, उद्यमी, संघसंस्था, शैक्षिक संस्था एवं यस नगरका शुभेच्छुकहरुलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने । |